# हेलम्वु गाउँपालिका

डोजर तथा लोडर/Mountain Crawler Excavator& Backhoe Loader

**संञ्चालन सम्वन्धि**

**निर्देशिका**

**२०७५**

हेलम्बु गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित एक गाउँपालिका हो । यो गाउँपालिकामा साबिकका ५ वटा गाबिसहरु कमश महाँकाल, इचोक, हेलम्बु, किउल र पाल्चोक पर्दछ । यो गाउँपालिकाका प्रायजासो भुभागहरु बिकट छन र बस्तिहरु छरीएको रहेको छ । एउटा गाउँ देखि अर्को गाउँ सम्म पुग्न घण्टौं हिड्नु पर्ने ठाउँहरु पनि छन । छरीएर रहेको बस्तिका कारण सुचनाको अभाव,,शिक्षा स्वास्थ्य क्षेत्रमा पहुँचको कमि आर्थिक उपार्जनमा कठिनाइ उत्पन्न भएको छ । बिकट र छरीएको बस्तिलाइ जोड्ने माध्याम मोटरबाटो हो । यसलाइ मध्यनजर गरेर गाउँपालिकाले Mountain Crawler Excavator नं बा १ ग ३१९१ तथा Backhoe Loader नं बा १ ग ३१९० खरीद गरेको छ । उक्त डोजर तथा लोडर सञ्चालन तथा व्यवस्थापनका लागि यो निर्देशिका जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१.१. यस निर्देशिकाको नाम डोजर सञ्चालन निर्देशिका २०७५ रहेको छ ।

१.२. यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकले पारीत भएको मिति देखि लागु हुने छ ।

१.३. यो निर्देशिका हेलम्बु गाउँ पालिका भित्र र पालिका बाहिर समेत संझौता गरी योजनाको काम मा प्रयोग गर्न सकिने छ ।

## २ परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

२.१ गा.पा.भन्नाले हेलम्बु गाउँपालिकालाइ जनाउने छ ।

२.२ डोजर लोडर सञ्चालन निदेर्शिका भन्नाले हेलम्वु गाउपालिका मातहतका जे.सि.वि (JCB) कम्पनीको बा.१ ग ३१९१, र बा १ ग ३१९० नं को Mountain crawler excavator र Backhoe Loader (लोडर) लाई सम्झनु पर्छ ।

२.३ चालक र सहचालक भन्नाले हेलम्वु गाउँपालिका मातहतको जे.सि.वि (JCB) कम्पनीको बा १ ग ३१९० नं को चालक र सहचालकलाइ सम्झनु पर्छ ।

२.४ निर्माण कार्य भन्नाले हेलम्वु गाउँपालिका क्षेत्र भित्रको सडकको निर्माण, स्तोन्नती लगायतको ढुँगा माटो खन्ने तथा सम्याउने कार्यलाइ सम्झनु पर्छ ।

२.५ यो डोजर तथा लोडरको भाडा भन्नाले गाउँपालिका स्तरका आफ्नो योजना लागायत पालिका भन्दा बाहिर पनि निजी तथा सार्वजनिक काममा प्रयोग गर्न सकिने छ । सडक लागायत घर घडेरी खार्ने सम्मयाउने, खेलकुद मैदान बनाउने कामका लागि पनि भाडामा दिइ सञ्चालन गर्न सकिनेछ । यसरी भाडामा कोही कसैलाइ डोजर तथा लोडर प्रयोग गर्न दिए बापत गा.पा.र माग कर्ता बिच दूइ पक्षिय संम्झौता गरी सञ्चालन गरीने छ । यसरी डोजर लोडर सञ्चालन गर्दा प्राप्त हुने रकमलाइ डोजर तथा लोडरको भाडा हो र गाउँपालिकाको आन्तरिक स्रोतमा जम्मा हुनेछ भनि बुझ्नु पर्ने छ ।

२.६ डोजर लोडर सञ्चालन कोष भन्नाले गाउँ पालिकाले सञ्चालन गर्ने हरेक योजना बाट पाँच प्रतिशत रकम र गाउँपीलकाको आफ्नो योजना भन्दा बाह्यकका योजानमा काम गरे वापत प्राप्त हुने रकम समेत साधनको मर्मत सम्भार तथा चालक सहचालकको घाउँ चोटपटकमा उपचार गर्न र क्षमता अनुसार यस्ता सेवामुखी साधन खरीद समेतमा यो कोषको प्रयोग हुने छ । जसलाइ डोजर लोडर सञ्चालन कोष भनिने छ ।

## ३. डोजर तथा लोडर सञ्चालन प्रकिया :

३.१ गाउँपालिका भित्र निर्माण हुने सडक लगायतको निर्माण कार्यकालागि गाउँपालिका स्वयंले खरीद गरी एक डोजर र लोडर सञ्चालन गर्ने छ ।

३.२ भौतिक निर्माणमा प्रयोग हुने डोजर, लोडर सञ्चालन तथा व्यवस्थापनकालागि गाउँ कार्यपालिका सदस्यहरु मध्य बाट प्राबिधिक सहित पाँच सदसिय एक सञ्चालन समिति गठन गरीने छ । यो समितिले समस्याको प्रकृति हेरेर प्राकृतिक प्रकोप जस्तो कार्यमा आकश्मिक सेवा तत्काल उपलव्ध गराउन सक्ने छ । यस्तो सेवाका लागि गा.पा.को बिना स्विकृति, पछि अनुमोदन गराउने गरी प्रयोग गर्न सक्ने छ ।

३.३ डोजर तथा लोडरको प्रयोग गर्दा हुन सक्ने क्षेतीलाइ मध्य नजर गरेर सो यन्त्रको मर्मत सम्भारमा र उक्त कार्यमा संलग्न चालक तथा सहचालकलाइ लाग्न सक्ने घाउँ चोटपटकको उपचार तथा सो यन्त्र सञ्चालनका कममा दिवंगत समेत हुन सक्ने कुरा समेतलाइ मध्यनजर गरी चालकको परिवारलाइ उपलव्ध गराउने राहत सहयोगको लागि समेत यो कोषको प्रयोग हुने छ ।

**३.४** डोजर तथा लोडर आफ्नो पालिकाको कामको अलवा अरु नै व्यक्ति वा निर्माण कम्पनिलाइ भाडामा दिंदा एक आपसमा सम्झौता गरेर मात्र उपलव्ध गराउनु पर्ने छ । अरुलाइ भाडामा दिनु परेमा पालिकाको पुर्व स्वीकृति लिएर वा अनुमोदन गराउने गरी सञ्चालक समतिले दिन सक्ने छ । यस्तो अवस्थामा भने इन्धनको व्यवस्था स्वयं योजना सञ्चालकले गर्नु पर्ने छ । चालकको दैनिक भत्ता पनि योजना सञ्चालकले नै गर्ने छ ।

**३.४** पालिका बाहेक अन्य व्यक्ति वा कम्पनिलाइ भाडामा दिंदा बिग्रिएमा सामान्यतया पालिकाले व्यहोर्ने छ ,तर लापर्बाहीका कारण बिग्रे भत्केको अवस्थामा भने योजना सञ्चालकले क्षेतीको दाइत्व ब्यहोर्नु पर्ने छ ।

३.४ मर्मत सम्भारको सम्पुर्ण काम सेवा कोष बाट गरीने छ ।

## ४. चालकको सेवा सुबिधा सम्वन्धी व्यवस्था :

**४.१** चालकको तत्कालका लागि करारमा नियुक्त गरिने छ र आवश्यक्ताका आधारमा म्याद थप गर्न सकिने छ ।

४.२ Mountain crawler Excavator र Backhoe loader चालकले उक्त साधन सञ्चालकलाइ माशिक तलब भक्ता गा.पा.ले आर्थिक ऐनको सिमा भित्र रहि अपासी समजदारीमातय गर्ने छ ।

४.३ गाउँ पालिकाको आन्तरीक कामको अलवा भाडामा दिएर काम गराउँदाको अवस्थामा पाउने दैनिक भत्ता बापतको रकम आपसी समजदारीमा तय गरी योजना सञ्चालकले उपलव्ध गराउनु पर्ने छ ।

४.४ बिशेष अवस्था उत्पन्न भै चालकले निएमित रुपमा गाडी चलाउन असमर्थ भएमा निश्चित समयका लागि अन्य चालकको व्यवस्था गर्न सकिने छ ।

४.५ Mountain crawler Excavator र Backhoe loader चालकको सेवा सुबिधा समयानुकुल आपसी समजदारीमा परिमार्जन गर्न सकिने छ ।

**(५) डोजर लोडर को भाडादरको व्यबस्था :**

(क) गा.पा.ले भाडामा लोडर, डोजर सञ्चालन गर्न दिंदा स्थानीय प्रचलित भाडादरलाइ आधार बनाउने छ ।

(ख) लोडर तथा डोजरको व्यवसायिक प्रयोजन बाट प्राप्त हुने रकम डोजर लोडर सञ्चालन कोष

यस्तो कोषको खाता सञ्चालन गर्दा गा.पा.ले छुट्टै बिशेष खाता सञ्चालन गर्ने छ ।

**६.बिमा सम्वन्धी व्यबस्था :**

६.१ डोजर, लोडर सञ्चालका क्रममा चालक, सहचालक र अन्य कुनै तेश्रो व्यक्तिमा पर्न सक्ने दुर्घटनालाइ मध्य नजर गरेर गा.पा.ले बिमाको व्यवस्था गर्ने छ । सम्भाबित घट्टा पश्चातको क्षेतिपुर्ति बिमामा व्यवस्था गरे अनुसार मात्र हुने छ ।

६.२ डोजर, तथा लोडर चालकको बिमा गरेको कुरा चालक र उपभोग कर्तालाइ जानकारी गराउनु पर्ने छ ।

**(७) बाधा अड्काउ फुकाउ :**

७.१ डोजर तथा लोडर सञ्चालनका क्रममा बाधा अड्काउ उत्पन्न भएमा गा.पा.ले डोजर तथा लोडर सञ्चालन निर्देशिका, गाउँ कार्यपालिकाले सञ्चालन समति सँगको परामर्शमा आवश्यक संसोधन गर्न सक्ने छ ।